म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १४० आइतबार १७ पुस २०७९ ने. सं. ११४३ पोहेलाथ्व 1 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**चिसो मौसममा मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चिसोमा बाहिर ननिस्कने,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरीक व्यायमलाई निरन्तरता दिऔं,
- हृदय रोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिलेस्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफु पनि बचौ र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## रोकिएन मानव अधिकारबिरुद्ध घटना

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ मकवानपुरमा मानव अधिकार उल्लङ्घनको घटनामा कुनै परिवर्तन नआएको एक अध्ययनले देखाएको छ ।

अंग्रेजी वर्ष सन् २०२१ र सन् २०२२ मा मानव अधिकार विरुद्धको घटनामा कमी नआएको मानव अधिकारको क्षेत्रमा वर्षौंदेखि काम गर्दै आइरहेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले जानकारी दिएको छ । शनिबार हेटौंडामा नेपाल मानव अधिकार वर्ष पुस्तक-२०२३ प्रकाशनका लागि मकवानपुरको सन् २०२२ को मानव अधिकारको स्थिति पूर्व वार्षिक समिक्षामा प्रस्तुत तथ्याङ्कले मानव अधिकारको घटनामा कुनै परिवर्तन नआएको देखिएको छ । राज्य पक्षदेखि अन्य पक्षबाट पनि मानव अधिकार हनन्का गतिविधि भएको इन्सेकले जनाएको छ । सन् २०२२ को अवधिमा मकवानपुरमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका ७० वटा घटना भएको इन्सेकको तथ्याङ्कमा छ ।

राज्य पक्षबाट ७ जना र अन्य पक्षबाट ६६ जना मानिस पीडित भएको जनाइएको छ । पीडित हुनेमा ५० जना महिला, २२ जना पुरुष र १ जना लैङ्गिक तथा अल्पसंख्यक महिला छन् । बाल अधिकारका घटनामा २५ जना बालिका पीडित भएकोमा २१ जना बलात्कारका ३ जना यौन दुर्व्यवहारका घटना र १ नवजात शिशु हत्याको घटनामा पीडित भएको इन्सेक मकवानपुरका प्रतिनिधि पुष्पराज अधिकारीले जानकारी दिए । महिला अधिकारका घटनामा २५ जना पीडित भएकोमा १० जना बलात्कार, ४ जना बलात्कारको प्रयास, ४ जना बहुविवाह र १ जना बेचबिखनको घटनामा पीडित भएको इन्सेकमा अभिलेख भएको छ ।

यस अवधिमा ८ वटा हत्याका घटना भएका छन् । जसमा ३ जना महिला र ५ पुरुष छन् । यस्तै, १४ वटा हत्या प्रयासका घटनामा ३ महिला, १० जना पुरुष र १ जना लैङ्गिक तथा अल्पसङ्ख्यक महिला पीडित भएको इन्सेकमा अभिलेख भएको छ । २०२२ मा परिवारबाट ४ जना बालिकासहित ५ ओटा बलात्कार, १ यौन दुर्व्यवहार, १ बलात्कार प्रयास र १ नवजात शिशु (छोरी)सहित ६ ओटा हत्याको घटना इन्सेकमा अभिलेख रहेको छ । इन्सेकको अभिलेखालयमा गत वर्ष सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका ७८ वटा घटनामा अन्य पक्षबाट ७८ जना मानिस पीडित भएका थिए । जसमध्ये ७३ जना महिला र ५ जना पुरुष पीडित भएका हुन् ।




बाल अधिकारका घटनामा ३४ जना बालिकामा २८ जना बलात्कार, ५ जना यौन दुर्व्यवहार र १ जना बेचबिखनको प्रयासबाट पीडित भएका छन् । महिला अधिकारका घटनामा ३३ जना पीडित भएकोमा २१ जना बलात्कार, ५ जना बलात्कार प्रयास, १ जना यौन दुर्व्यवहार र ६ जना बहुविवाहको घटनामा पीडित भएको इन्सेकमा अभिलेख भएको छ । यस अवधिमा १० ओटा हत्याका घटना भएका छन् । जसमा ५ जना महिला र ४ पुरुष छन् । एक कुटपिटको घटना इन्सेकमा अभिलेख भएको छ । सन् २०२० मा मकवानपुरमा ६२ वटा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५० जना महिला, १२ जना पुरुष र एक लैङ्गिक तथा अल्पसंख्यक महिला पीडित भएको तथ्याङ्क छ ।

विगतका तीन वर्षको अवस्थालाई मूल्याङ्कन गर्दा मानव अधिकारविरुद्धको घटनामा उल्लेखनीय परिवर्तन नआएको इन्सेकले जनाएको छ । २०२० मा भन्दा २०२१ मा घटना बढेका थिए भने २०२२ मा आएर ७ वटा घटना कम छन् । तर, मानव अधिकार उल्लङ्घनको अवस्थालाई सुधारात्मक भन्न नसकिने इन्सेकले जनाएको छ । मानव अधिकारको रक्षा गर्नुपर्ने प्रमुख दायित्व बोकेको राज्य पक्षबाटै मानव अधिकार उल्लङ्घनको घटना भएको इन्सेकले जनाएको छ । निर्वाचन बिरोधि गतिविधि गरेको भन्दै हेटौंडाबाट नेकपा बहुमत पार्टीका सात जनालाई प्रहरीले ४ मंसिरमा गिरफ्तार गरेको घटनालाई इन्सेकले राज्य पक्षलाई दोष देखाएको छ ।

इन्सेकको अभिलेखमा कुटपिटतर्फ हेटौंडामा दुई पत्रकार कुटिएको घटना समावेश भएको छ । बागमती एक्सप्रेस साप्ताहिकका प्रकाशक रमेश बञ्जारा र सोही पत्रिकाका स्तम्भकार रामकुमार रिजाल (एलन) माथि १८ मंसिरमा समाचार प्रकाशनको विषयलाई लिएर कुटपिट गरेको घटनालाई मानव अधिकार उल्लङ्घन भएको इन्सेकले जनाएको छ ।

प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर २ को प्रदेश सभा (ख) का उम्मेदवार ईन्द्रबहादुर बानियाँ चढेको गाडिमा १ मंसिरमा नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरुले तोडफोड गरेको घटनालाई पनि इन्सेकले मानव अधिकारबिरुद्ध लिएको छ । हेटौंडा क्याम्पसमा परीक्षा दिन आएकी २१ वर्षीया छात्रामाथि परीक्षा हलभित्र प्रवेश गर्दा जाँचको क्रममा गार्डले दुर्व्यवहार गरेको विषयमा इन्सेकको अभिलेखमा छ । इन्सेकले केही घटनालाई यसरी अभिलेख गरेको छ ।

**नवजात शिशु हत्या**

नवजात शिशुको हत्याको आरोपमा प्रहरीले कैलाश गाउँपालिका १० की ३६ वर्षीया आमा फूलमाया मोक्तानलाई ०७८ चैत ११ गते गिरफ्तार गरेको थियो । आरोपितले चैत १० गते जन्मिएकी छोरीलाई सालनालसहित सोही स्थानको कपसिरी जंगलमा गाडेर हत्या गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको छ । प्रहरीले हत्याको आरोपमा मकवानपुर जिल्ला अदालतमा मुद्दा दर्ता गरेको छ । जिल्ला न्यायाधिसको इजलाशले अभियोग दाबी नपुग्ने भनी आरोपितलाई सफाई दिएको छ ।

**परिवारजनबाट बलात्कार**

१६ वर्षीया बालिकालाई ०७९ वैसाख १५ गते बलात्कार गरेको आरोपमा प्रहरीले राक्सिराङ गाउँपालिका-७ सरोबोमका २९ वर्षीय काकालाई ०७९ असोज ८ गते गिरफ्तार गरेको थियो ।

पीडित पक्षले ०७९ वैशाख १७ गते इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दिए । इलाका प्रहरी कार्यालय मनहरीले आरोपितविरुद्ध ०७९ असोज २६ गते मकवानपुर जिल्ला अदालतमा हाडनाता करणी कसुरमा मुद्दा दर्ता गऱ्यो । जिल्ला न्यायाधीस श्रीप्रसाद सञ्जेलको इजलासले कात्तिक ३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । १८ वर्षीया महिलालाई ०७८ चैत १८ गते बलात्कार गरेको आरोपमा ३२ वर्षीय जेठाजुबिरुद्ध पीडितले चैत २१ गते इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दिएकी थिइन् । जिल्ला न्यायाधीस कमलराज बिष्टको इजलासले आरोपितलाई ०७९ वैशाख १६ गते आरोपितलाई पुर्पक्ष थुनामा पठायो ।

**बलात्कार**

३२ वर्षीया महिलालाई ०७८ चैत १ गते बलात्कार गरेको आरोपमा राक्सिराङ गाउँपालिका-८ खैराङ घर भई मनहरी गाउँपालिका-६ सुनाचुरी बस्ने ३२ वर्षीय कृष्ण भन्ने दूधराज बिसुरालविरुद्ध पीडित पक्षले जेठ १९ गते इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दिए । आरोपितलाई प्रहरीले ०७९ जेठ २० गते गिरफ्तार गऱ्यो । पीडित महिलाको प्राथमिक स्वास्थ केन्द्र मनहरीमा स्वास्थ परीक्षण जेठ १९ गते भयो । प्रहरीले आरोपित विरुद्ध जेठ २४ गते मकवानपुर जिल्ला अदालतमा जबर्जस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो । जिल्ला न्यायाधीस डिल्लिरत्न श्रेष्ठको इजलासले ०७९ असार १४ गते पुर्पक्षका लागि थुनामा पठायो । ०७९ असोज ३० गते न्यायाधीस श्रीप्रसाद सञ्जेलको इजलासले मुद्दाको अभियोग दाबी नपुग्ने भनी फैसला सुनाएको थियो ।

**परिवारजनबाट हत्या**

भारत मध्येप्रदेश जिल्ला भोपालथाना गोबिन्दपुरा घर भई बकैया गाउँपालिका-५ तीनतले बस्ने २९ वर्षीया जिया उदासी हत्याको आरोपमा प्रहरीले ०७९ वैशाख १२ गते ३० वर्षीय पति गगनकुमार सोनीलाई गिरफ्तार गऱ्यो । आरोपितले ०७९ वैशाख ११ गते तीनतलेस्थित लालबहादुर स्याङ्बोको घरमा डेरामा पत्नीको घाँटी थिची हत्या गरेको भनी पीडित पक्षले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । शवको पोष्टमार्टम वैशाख १२ गते हेटौंडा अस्पतालमा भयो । जिल्ला न्यायाधीस डिल्लिरत्न श्रेष्ठको इजलासले ०७९ जेठ १४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएका थिए ।

## असहमतिबीच माओवादी बागमती संसदीय दलको नेतामा जमकट्टेल

साझाकुरा संवाददाता



हेटौंडा, १६ पुस/ असहमतिका बाबजुद नेकपा माओवादी केन्द्रले बागमती प्रदेश संसदीय दलको नेता चयन गरेको छ । दलको नेतामा पुन: शालिकराम जमकट्टेल चयन भएका हुन् ।

माओवादी केन्द्र बागमती प्रदेश अध्यक्ष तथा सांसद् सरल सहयात्री पौडेललगायतको असहमतिबीच नेतृत्वले गरेको प्रस्तावअनुरुप जमकट्टेलको नाम सर्वसम्मत पारित भएको हो । जमकट्टेल प्रदेशसभाको अघिल्लो कार्यकालमा पनि दलको नेता थिए । संसदीय दलमा जमकट्टेल र पौडेलको दाबी कायमै रहेका कारण माओवादीले नेता चयनका लागि संघर्ष गर्नु परेको थियो । अघिल्लो कार्यकालमा नेता चयनका लागि अप्ठ्यारो नपरेको माओवादीलाई हाल भने लामो कसरत गर्नु परेको हो ।

शनिबार काठमाडौंमा भएको बैठकले विवादका बामजुद जमकट्टेललाई नेतामा चयन गरेको जनाइएको छ । दलको नेतामा पौडेलले दाबी छाडेका थिएनन् । उनले दलको नेता चयनका लागि मतदान प्रक्रियाबाट टुंग्याउनु पर्ने धारणा राखेका थिए । उनी पार्टीमा पनि मतदान प्रक्रियाबाट प्रदेश अध्यक्षमा निर्वाचित भएका हुन् । तर, सबै प्रदेशमा सर्वसम्मतले दलको नेता चयन भएको भन्दै पार्टी नेतृत्वले सहमतिको प्रयास खोजेको थियो । शुक्रबार बसेको बैठक पनि नेता चयनका लागि सहमति जुट्न नसकेपछि शनिबार १ बजे बस्ने गरी स्थगित भएको थियो ।

पौडेलले जमकट्टेललाई नेता बनाएकोमा असन्तुष्टि पोखेका छन् । उनले जमकट्टेल अघिल्लो कार्यकालमै दलको नेता भई पटक-पटक अवसर लिएकाले आफू दलको नेता हुनुपर्ने सांसद्हरुसँग आन्तरिक रुपमा धारणा राख्दै आएका थिए । असन्तुष्ट बनेका पौडेलले सामाजिक सञ्जालमा खेल प्रतिस्पर्धाबाट जितिने भन्दै छिर्के लगाएर खेल जितिए पनि मन जित्न नसक्ने बताए । 'म हरेकपटक छिर्के लगाएर लडाइए पनि धुलो टक्टक्याउँदै कुदिरहेको धावक हुँ', पौडेलले लेखेका छन् । असहमतिको अवस्थामा जमकट्टेल दलको नेता चयन भएपछि पौडेल सम्पर्कबाहिर छन् । उनको मोबाइल बन्द (स्वीच अफ) छ ।

जमकट्टेल बागमतीको तत्कालीन नेकपा सरकार हुँदा आन्तरिक मामिला तथा कानुन मन्त्री र नेकपा फुटेपछि बनेको नयाँ गठबन्धनको सरकारमा आर्थिक मामिला तथा योजना मन्त्री बनेका थिए । शुक्रबार भएको बैठकमा दलको नेताका लागि आकांक्षीहरु करिब ५ जनासम्म देखिएपछि सहमति जुट्न सकेको थिएन ।

दलको नेतामा जमकट्टेल र पौडेलसहित युवराज दुलाल, राधिका तामाङ र माओवादी केन्द्रको चुनाव चिन्हबाट निर्वाचनमा प्रतिस्पर्धा गरेर जितेका नेपाल समाजवादी पार्टीका नेता गंगानारायण श्रेष्ठले दाबी गरेका थिए । बागमतीमा नेपाली कांग्रेसले निर्वाचनबाट, नेकपा एमाले र राप्रपालगायत दलले सर्वसम्मतिबाट दलको नेता चयन गरिसकेका छन् ।

नयाँ गठबन्धन बनेपछि बागमतीमा सरकारको नेतृत्व माओवादीले पाउनेबारे चर्चा भइरहेको छ । पुरानै बाम-लोकतान्त्रिक गठबन्धन हुँदा बागमतीमा कांग्रेसको दाबी थियो । बागमतीमा हालको गठबन्धनका एमाले, माओवादी र राप्रपाले पनि दाबी गरिरहेको हो । राप्रपाको समर्थन नभई बागमतीमा सरकार बनाउन बहुमत पुग्दैन । एकसय १० सदस्यीय प्रदेशसभामा सरकार बनाउन ५६ सिट आवश्यक पर्छ । सत्ता गठबन्धनको एमाले, माओवादी र राप्रपासँग मात्रै ६१ सिट छ । एमालेसँग २७, माओवादीको २१ र राप्रपासँग १३ सिट छ ।

## पुस २४ गतेबाट बागमती गोल्डकप




साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती गोल्डकप फुटबल प्रतियिगिताको पाँचौं संस्करण आगामी पुस २४ गतेबाट हुने भएको छ ।

शनिबार पत्रकार सम्मेलन गर्दै आयोजक बागमती गाउँपालिका खेलकुद विकास समितिले बागमती गोल्डकप फुटबल प्रतियिगिता पुस २४ गतेबाट माघ ३ गतेसम्म हुने जानकारी दिएको हो । प्रतियोगितामा एक विदेशी क्लबसहित १० टिमको सहभागिता रहनेछ । बागमती गाउँपालिका खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठले प्रतियोगितामा अमेरिकन क्लब भुटनिज युथ स्पोर्ट्स क्लबसहित ए डिभिजनका ७ वटा र मोफसलको २ वटा टिमको सहभागिता रहने बताए ।

उनले फुटबल खेलको विकास, स्थानीय खेलाडीहरुको प्रोत्साहन र खेलाडीहरुको बीचमा भ्रातृत्वको विकास गर्न प्रतियोगितालाई निरन्तरता दिन लागेको बताए । प्रतियोगितामा विभागीय क्लब त्रिभुवन आर्मी, नेपाल पुलिस क्लब, एपीएफ क्लब, मच्छिन्द्र क्लब, हिमालयन शेर्पा क्लब, चर्च ब्वाइज क्लब, मकवानपुर-११ र जावलाखेल युथ क्लबको सहभागिता रहने अध्यक्ष श्रेष्ठले बताए ।

प्रतियोगिताको उपाधि विजेता टोलीले नगद ८ लाख रुपैयाँ सहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले ४ लाख रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछ । सर्वोत्कृष्ट खेलाडीले नगद ५१ हजार प्राप्त गर्ने आयोजकले जनाएको छ । विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही दश/दश हजार रुपैयाँ, ट्रफी र प्रमाणपत्र पाउनेछन् । हरेक खेलको म्यान अफ दी म्याचलाई नगद ५ हजार पुरस्कार प्रदान गरिनेछ । प्रतियोगिता सञ्चालनका लागि करिब ७१ लाख खर्च हुने आयोजकको अनुमान छ । खेल बागमती-८, फापरबारीस्थित जनता माविको मैदानमा हुनेछ । चौथो संस्करणको उपाधि अफ्रिकन रुट्स एशोसिएसन क्यामरुनलाई हराउँदै 'ए' डिभिजन क्लब थ्री स्टारले जितेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**



- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

**व्यापारिक मार्ट बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८

**खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!**

**यात्रु महानुभावहरूलाई खुसीको खबर !**

२०७९ पौष १ देखि




- हेटौंडाबाट ठिंगन हुँदै काठमाडौंसम्म दैनिक दिवा सेवा बिहान ६ बजे र ७ बजे
- कलंकी बसपार्क काठमाडौंबाट १ बजे र २ बजे दिउँसो लगनखेल ठिंगन हुँदै हेटौंडा सम्म

सम्पर्क:
९८५५०६७६५५, ९८५५०७१६२५, ९८५५०७०५६०

साझाकुरा

## हाम्रो कुरा

# राष्ट्रिय पोशाक दिवस

नेपालमा रहेका सम्पूर्ण जातजातिको पहिचान बोक्ने सबै पोशाक राष्ट्रिय पोशाक हुन् । तर, दौरा, सुरुवाल, टोपी र गुन्यूचोली देशको साझा राष्ट्रिय पोशाक हो । राष्ट्रिय पोशाक संरक्षण महाअभियानले नेपालको राष्ट्रिय पोशाक संरक्षण र प्रवर्द्धन गर्ने भन्दै २०७० साल यता पुस १७ गतेका दिन राष्ट्रिय पोशाक दिवस मनाउने गरेको छ ।

'मेरो शान मेरो पहिचान, राष्ट्रिय पोशाक संरक्षण महाअभियान' भन्ने मूल नारा लिएर वि.सं. २०७० साल पुस १७ गतेका दिनदेखि काभ्रेपलाञ्चोक जिल्लाको बनेपाबाट सुरुवात गरिएको राष्ट्रिय पोशाक दिवस नेपालमा मात्र नभई विश्वभरि छरिएर रहेका नेपालीहरुले हरेक वर्ष पुस १७ गते भव्यताका साथ मनाउँदै आइरहेका छन् । नेपालीहरुको विश्वमा पृथक र सर्वश्रेष्ठ रुपमा हेरिएको दौरा, सुरुवाल, ढाका टोपी, गुन्यूचोली जसलाई नेपालको औपचारिक पोशाकको रुपमा हेरिन्छ । त्यसै तथ्यलाई आत्मसाथ गर्दै नेपालको अन्तर्राष्ट्रिय पहिचानको रुपमा रहेको राष्ट्रिय पोशाक (दौरासुरुवाल, टोपी, गुन्यूचोली) लाई सरकारले औपचारिक पोशाक घोषणा गर्दै सम्मान दिनुपर्ने यो अभियानको उद्देश्य हो । हरेक देशको आ-आफ्नै छुट्टै पोशाक हुन्छ । प्राय: देशहरुको कोर्ट पाइन्ट, सर्ट र टाई सर्वव्यापी हुन्छ, कसैले आफ्नो पहिचानमा देशको झण्डा देखाउँछन् भने हाम्रो देशको राष्ट्रिय पोशाक दौरा सुरुवाल, र टोपीलाई प्रदर्शित गर्ने चलन छ ।

नेपाल सानो देश छ तर, हरेक देशको स्वाभिमानको कुनै मूल्य हुँदैन, त्यसैले देशको राष्ट्रिय पोशाक हुनुपर्छ । देशको पहिचान विदेशमा झल्काउनको लागि विदेश यात्रालगायत अन्य औपचारिक कार्यक्रम तथा भेटवार्तामा पनि देशको राष्ट्रिय पोशाक लगाउनाले त्यसमा देशको शान, सम्मानसमेत जोडिन्छ । भर्खरै नवनिर्वाचित प्रधानमन्त्री पुष्पकमल दाहालसमेतले यसपटक सपथमा पहिलोपटक नेपाली पोशाक लगाएर शपथ खाएका छन् । यो नेपालीहरुको गौरबको पहिचान हो । हाम्रो नेपाली पोशाक विश्वमा नै पृथक, ऐतिहासिक र बेग्लै पहिचान बोकेको पोशाकको रुपमा रही आएको छ । हरेक राजनैतिक कार्यक्रम, समारोह, सरकारी कार्यालयका कर्मचारी तथा उच्च ओदाहका ब्यक्तित्वहरुको आचरण तथा शिस्टतामा सम्पूर्ण देशको शान तथा ईज्जत जोडिएको हुन्छ । तसर्थ, जनताको प्रतिनिधिको रुपमा विशिष्ट दर्जाका व्यक्तित्वहरुले राष्ट्रिय पोशाक लगाई बैदेशिक भ्रमण गरे उत्कृष्ट हुने धारणा सबैको हुन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस १८ गते सोमबार २ जनवरी २०२३ । एकादशी पौस शुक्लपक्ष। पोहेलाथ्य ११४३ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:१९ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : कार्य सिद्धिमा विलम्ब | तुला | : व्यवसायमा विवाद |
| वृष | : परिवारमा कलह | वृश्चिक | : मानसिक अशान्ति |
| मिथुन | : यात्रामा बाधा | धनु | : कार्यमा ढिलाइ |
| कर्कट | : काममा सफलता हात पर्ने | मकर | : मांगलिक कार्य सम्पादन |
| सिंह | : अपजस पाइने | कुम्भ | : उपचारमा खर्च बढ्ने |
| कन्या | : बौद्धिक कार्यमा वाधा | मीन | : मानमर्यादाको वृद्धि |

# गृहमन्त्री रविज्यू, जनताको लागि सिंहदरबारको गेट कहिले खुल्छ ?



विनोद त्रिपाठी

'तिम्रो विजयीमा जनतालाई अघि राख, तिमी पछि बस । जब सङ्कट आउँछ, तिमी अघि बढ, जनतालाई पछि राख ।' विभेद विरुद्ध विजयी हासिल गरेका नेल्सन मण्डेलाको यो भनाई मानिसको जीवनभर सदाबहार लागु हुन्छ । तिमी विजयी भयौ, अब तिमीले जनतालाई अगाडि लगाऊ, जनतासँगै बसेर काम गर भन्ने मण्डेलाको यो भनाईले जोडदार रूपमा परिभाषित गरेको पाइन्छ ।

तर, हामी कहाँ सधैं उल्टो छ । सङ्कट पर्दा जनतालाई अघि लगाइन्छ । आन्दोलन र चुनाव जित्न जनताको मुख ताकिन्छ । जब विजयी प्राप्त हुन्छ, अनि सधैं जनतालाई पछि धकेलिन्छ । यसको सजीव चित्र हेर्न सिंहदरबारको दक्षिण गेटमा दिनहुँ लाग्ने लामा लामा लाइन हेर्दा प्रष्ट हुन्छ । आफूले जुन नेतालाई चुनाव जितायो, जसलाई मन्त्री बनायो, उसैको कार्यालयमा काम लिन जाँदा सगरमाथा हिमाल चढे बराबर सकस छ । आज एउटा मतदाताले सजिलै नेतालाई भोट दिएर जिताउँछ, तर त्यही मतदाता सिंहदरबारको गेट दिनभरि रुँगेर साँझ विरक्त अनुहार लिएर फर्कन बाध्य छ ।

नेपालको प्रमुख प्रशासनिक केन्द्र हो सिंहदरबार । चारवटा ठुला गेट रहेका यहाँ भित्र स्वास्थ्य तथा जनसङ्ख्या बाहेक सबै मन्त्रालय छन् । तर, मुस्किलले एउटा गेट जनताका लागि खुल्छ । एउटा नेपालीले नेपाली भएको परिचयपत्र देखाएर उ प्रवेश पाउँदैन । उ सरकारी जागिरे हुनुपर्छ । सरकारी जागिरे नहुनेका लागि सिंहदरबार 'आकाशको फल आँखातरि मर' जस्तै छ । सरकार अर्थात जनताको अभिभावक । जनताका अभिभावक प्रधानमन्त्री र मन्त्रीहरू । तर, नेपालमा यी यस्ता प्रधानमन्त्री र मन्त्रीहरू हुन् जहाँ जनताले यिनलाई कहिल्यै अभिभावक महसुस गर्न पाएनन् । आकाश माथिको भगवान्को दर्शन गर्न सक्ला, तर यहाँ भित्र मेचमा बस्नेहरूलाई नागरिकले सहजै साक्षात्कार गर्न सक्दैनन् ।

### *त्यो विगतको सिंहदरबार*

संसारका प्रजातान्त्रिक देशहरूले प्रशासकीय भवनहरूमा आफ्ना नागरिकलाई सजिलै प्रवेश दिन्छन् । अमेरिकामा सरकारी भवन भित्र आफ्ना नागरिक त के विदेशीले समेत सहजै घुम्न पाउँछ । बेलायतमा मन्त्रीहरूको कार्यकक्षमा जोकोही आधिकारिक परिचयपत्रका आधारमा पुग्न सक्छ । फिनल्यान्डमा त परिचयपत्र पनि चाहिँदैन, ड्रेस कोड भएपछि त्यहाँ प्रशासकीय भवन भित्र सजिलै छिर्न सकिन्छ । एकाध मुस्लिम देश बाहेक संसारका सबैजसो प्रजातान्त्रिक देशहरूमा सरकारी जागिरेलाई मात्र प्रवेश दिने भन्ने नियम छैन । ती देशहरूमा विदेशीले आफ्नो राहदानीकै आधारमा सबै कार्यालय चहार्न सक्छन् । झन् आफ्ना नागरिक प्रवेश त कति सहज छ, त्यो व्याख्या नगरौं । यहाँ त एउटा नागरिकको नागरिकता सिंहदरबारको गेटमा पुगेपछि काम लाग्दैन । नेपाली अनुहार सिंहदरबारको गेट पुग्छ, उ नेपाली नागरिक हुँदैन । नागरिकको हातमा भएको त्यो नागरिकता निष्क्रिय हुन्छ गेटमा । अनि भनिन्छ, 'भित्रबाट पास ल्याउनु वा सरकारी जागिरे भएको परिचयपत्र दिनु ।' एउटा भ्रष्ट कर्मचारी निर्धक्क प्रवेश पाउँछ यहाँ । तर, अर्को निर्दोष नागरिक रित्तो फर्कन बाध्य हुन्छ यो गेटबाट । कति विडम्बना छ, हाम्रो देशमा । के हाम्रा देशका नागरिकका नागरिकता यो गेटमा पुगेपछि निष्क्रिय बन्छन् त ? संसारमा त्यस्तो मुलुक कहाँ छ, जहाँ आफ्नो मुलुकको कुनै अड्डा भित्र छिर्न आफ्नै देशको नागरिकता काम लाग्दैन ?

अब लागौं, सिंहदरबारको जन्मका बारेमा । सिंहदरबारको इतिहास करिब १ सय २० वर्ष पुरानो छ । राणा प्रधानमन्त्री चन्द्रशमशेरले यो दरबार बनाएर सरकारका नाममा विक्रीगरि आफ्नो ढुकुटीमा २ करोड रुपैयाँ हालेका थिए । त्यतिबेला सरकारी सम्पत्ति भनेकै श्री ३ का नाममा हुन्थ्यो । पदबाट हटेपछि बिक्री बापत मन लागेको ढुकुटी राणा प्रधानमन्त्रीहरूले प्रयोग गर्थे । विसं २००९ सालमा तत्कालीन श्री ५ को सरकारको मातहत आएपछि यसलाई प्रशासनिक भवनमा रूपान्तरण गरियो । प्रधानमन्त्री मात्र नभइ मन्त्रीहरूका कार्यालय, सुरक्षा अड्डा यहाँ भित्र राखिए । सुरुमा ३ सय ५० रोपनी भएको यो दरबार क्षेत्र पछि कार्यालयहरू थपिँदै जाँदा यसको क्षेत्रफल बढाएर ८ सय ८१ रोपनी पुर्‍याइयो । यो मध्ये सर्वोच्च अदालतको जमिन पनि पर्छ । सिंहदरबार प्रवेशका लागि मुख्य चारवटा गेट छन् । राणाकालमा यी सबै गेटहरू विशेष पर्वमा खुल्ला हुन्थे । हरेक गेटमा पाले राखिए पनि क र ख वर्गका राणाका सन्तानलाई यहाँ आउजाउ गर्न रोकटोक थिएन ।

विश्वका धेरै देशहरूले प्रशासनिक भवन, अस्पताल, विश्वविद्यालय, स्कुल, कलेज, मनोरञ्जन स्थल, होटल रेष्टुरेण्ट, निजी बस्ती लगायतका संरचना निश्चित स्थानमा राखेका हुन्छन् । जसले गर्दा नागरिकले एकै प्रकारको सेवा सुविधाका लागि दशतिर धाउन नपरोस् भनेर उनीहरूले ख्याल पुर्‍याएका हुन्छन् । त्यही सिलसिला अन्तर्गत नेपालमा पनि पञ्चायतकालमा त्यसैलाई ध्यानमा राखेर यसलाई सम्पूर्ण रूपले प्रशासनिक परिसरमा बदलिएको थियो । जहाँ नागरिकले सहजै प्रशासनिक सेवा सुविधा पाउन भन्ने हो । तर, अहिले सिंहदरबारको गेट पार गर्न सर्वसाधारणका लागि फलामकै च्युरा चपाउनु सरह कष्टपूर्ण छ ।

### *के सिंहदरबार असुरक्षित छ ?*

कुनै पनि मुलुकले सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर सुरक्षा जाँचको व्यवस्था गर्छ । गृहयुद्धमा फसेको बेला, सामाजिक असुरक्षा बढेको बेला, राज्यका अधिकारीमाथि सुरक्षा थ्रेट सृजना भएको बेला लगायत देशभित्र आतङ्क फैलिएको अवस्थामा सुरक्षा प्रबन्धमा फेर बदल आवश्यक हुन्छ । तर, नेपालमा अहिले त्यो अवस्था छैन । माओवादी युद्ध समाप्त भएको पनि १६ वर्ष नाघिसकेको छ । नेपाल शान्तिपूर्ण अवस्थामा रहेकै बेला पारेर सुरक्षाको कारण देखाउँदै ५ असोज २०७५ सालमा पश्चिम-उत्तरको दुई नम्बर गेट बन्द गरिएको थियो । यो गेटबाट भिभिआइपी, भिआइपी, विदेशी पर्यवेक्षक, सरकारी कर्मचारीलाई मात्र प्रवेश गर्न दिइन्छ । अचम्म त के छ भने यी अनुमति पाउनेहरू पनि सोझै हिँडेर जान भने पाउँदैनन् । मोटर चढेर जानुपर्छ । के मोटर चढ्नेले खतराजन्य सामग्री लुकाएर लान सक्दैन ? अर्को कुरा सर्वसाधारणका लागि आउजाउ गर्ने भनिएको दक्षिण गेटमा पनि उही हालत छ । हिँडेर जानेका लागि गेटमा सारा जाँच गरिन्छ ।

तर, गाडीबाट जानेले झ्यालबाटै परिचयपत्र देखाउँदै भित्र पस्छ । गाडी देख्ने बित्तिकै जाँच गर्न आवश्यक ठान्दैनन् यहाँका सुरक्षा अधिकारीहरू । गाडी भएका मानिस असल हुन्छन्, हिँडेर जानेहरू आतङ्ककारी हुन् जस्तो व्यवहार गरिन्छ यहाँ । एउटा नागरिकले आफ्नै देशको प्रशासनिक भवन भित्र जान बिरानो महसुस गर्छ । के कुनै गाडी मालिक वा चालकले खतरका सामानहरू बोक्न सक्दैन ? यस्तो दरिद्र सोच र प्रणाली कसले बसाएको होला ! यो दृश्य देख्नेलाई त कति शिथिल बनाउँछ भने भोग्नेलाई कति पीडा बनाएको होला !

### *अन्तमा, समाधान के ?*

उपप्रधान तथा गृहमन्त्री ज्यू, तपाईंलाई थाहा छ, सिंहदरबार गृह मन्त्रालय मातहत छ । यसको सुरक्षाको मात्र नभइ यसको सुविधा र सेवा प्रवाहमा गृहकै हात छ । तपाईंलाई लाग्न सक्छ, सर्वसाधारणको यहाँ के काम पर्छ त ? लौ जान्नुस् । नेपाल संघीयतामा गए पनि आमजनताका सरोकारमा प्रदेश सरकारसँग कुनै काम पर्दैन । कि स्थानीय निकाय कि संघीय सरकारसँग मात्र नागरिकका सेवा जोडिएका छन् । अहिले पनि जिल्ला जिल्लाका सरकारी कार्यालयका काम सोझै केन्द्रीय मन्त्रालयसँग समन्वय भइरहेका हुन्छन् । जिल्लाका नागरिकका

> **एउटा नागरिकको नागरिकता सिंहदरबारको गेटमा पुगेपछि काम लाग्दैन । नेपाली अनुहार सिंहदरबारको गेट पुग्छ, उ नेपाली नागरिक हुँदैन । नागरिकको हातमा भएको त्यो नागरिकता निष्क्रिय हुन्छ गेटमा ।**

कामहरू मन्त्रालयमा आएर ठोक्किन्छन् । नागरिकका फाइल मन्त्रालयका टेबुलमा अड्किएका हुन्छन् । यस्ता कामहरू फुकाउन जनता सोझै मन्त्रालय आउनुपर्ने बाध्यता छ ।

अनि भएभरका मन्त्रालय यही सिंहदर बार भित्र छन् भने जनतालाई कति सकस होला, सोझो रूपमा बुझ्न सकिन्छ । सिंहदरबार सुर क्षाको व्यवस्थापन सरल ढंगले चुस्त परिणाम दिने हेतुले गर्न सकिन्छ भन्ने जान्न आवश्यक छ । सुरक्षा जाँच झारा टार्ने तवरले होइन, परिपक्व ढंगबाट गर्न जरुरी छ । सिंहदरबार प्रवेशका लागि, हरेक नागरिकले नागरिकताको प्रमाणपत्र वा त्यस्तै आधिकारिक संस्थाको परिचयपत्रको आधार मा गर्नु अनिवार्य छ । यो सबैभन्दा उत्तम उपाय हो । यो भन्दा अर्को उपाय खोज्नु भनेको उही बडाहाकिम पारा हो, जुन विकल्प जनतालाई सधैं रैती बनाउनु मात्र हो । यस्ता निरर्थक सुरक्षा प्रणाली खारेज गर्नुपर्छ ।

गाडीमा जानेले हतियार लाँदैन भन्ने कुन शास्त्रमा लेखेको छ ? देशको यति ठुलो प्रशासनिक परिसर प्रवेश गर्न डिटेक्टिभ प्रणाली लागु गर्न सकिँदैन ? हिँडेर प्रवेश गर्ने र मोटर गाडीमा जानेबीच यो भेदभाव किन ? विना उच्चस्तरको सुरक्षा प्रणाली बेगर नागरिकलाई प्रवेशमा बन्देज लगाएर हामी सुरक्षित छौं भन्ने मन्त्रीहरूले भ्रम पाल्नु हुँदैन । यो मिथ्या भ्रम हो । तपाईं जति खुल्ला हुनुहुन्छ, त्यति सुरक्षित बन्ने हो । निश्चित मापदण्ड र चुस्त नियम लागु गरेर नै मजबुत सुरक्षा प्रणाली अपनाउन सकिन्छ भन्ने जान्नुपर्छ । अहिले हरेक मन्त्रालयले पास जारी गर्ने, बाहिर नागरिक पास कुरेर बस्ने कुरूप परिपाटी छ । यो सबैभन्दा भद्दा प्रणाली हो । जनतालाई छेकबार लगाएर कहाँको सुरक्षा हुन्छ ? त्यसैले, गेटमा नागरिकताको प्रमाणपत्र लिएर गेटबाटै सोझै पास दिने प्रणाली सुरु गर्नुपर्छ । गृहमन्त्री रवि ज्यू, तपाईं जनताको आवाज बोलेर, जनताकै सिँढी चढेर र जनताको भोट पाएर निर्वाचित मन्त्री भएकोले यो सहज रूपमा गर्न सकिने निर्णय तुरुन्त लागु गर्नुहोस् । जनता तपाईंको जनमुखी निर्णयको प्रतीक्षा गरिरहेका छन् ।*साभार: रातोपाटी*

# सांसदको शपथमा मैले जे देखें



सुमना श्रेष्ठ, सांसद

२०७९ पुस ७ गते, बिहीबार । नवनिर्वाचित सांदहरूको शपथ ग्रहण समारोह । स्थान- प्रतिनिधि सभा बैठक कक्ष, अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर । सांसदहरूको लहरमा मैले आफूलाई निकै उत्साह र उत्सुकतापूर्वक उभ्याएकी थिएँ । समारोह स्थल थोरै म जस्ता नयाँ र धेरै चाहिँ पहिल्यैदेखि राजनीतिको डबलीमा परिचित सांसदहरूले खचाखच भरिएको थियो । त्यहाँ उभिएर सर्सर्ती नियाल्दा मैले जे देखें त्यसमध्ये घत लागेका केही टिपोटहरू मेरो पार्टी मार्फत् मलाई निर्वाचित गरेर पठाउने आम मतदाता र समस्त नेपाली नागरिक समक्ष बाँड्ने जमर्को गरेको छु ।

मिडियाकर्मी मित्रहरूको लहरतर्फ उत्तिकै रोचक दृश्य देखा पर्‍यो । सामान्यतया चुनिएर आएका सांसदहरूमा पनि चिनिएका अनुहारहरू उहाँहरूका प्राथमिक नजरमा पर्नु मेरा लागि आश्चर्यको विषय थिएन । तर मेरो लागि सुखद् आश्चर्य चाहिँ यो रह्यो कि एकै थलोमा त्यति धेरै मिडियाकर्मीहरूको जमात त्यसअघि मैले कहिल्यै देखेको थिइनँ । त्यसप्रकार भिन्नाभिन्नै मिडियाको प्रतिनिधित्व गर्ने थरीथरी अनुहारहरू एकै पटकमा देख्न पाउनु वास्तवमा मेरो लागि आकर्षणको अनपेक्षित विषय बन्यो ।

संसद सचिवालयले दिउँसो एक बजेका लागि निर्धारित शपथ ग्रहण समारोह सुरू हुनुभन्दा एक घण्टा अगाडि मात्र जानकारी आदानप्रदानको उद्देश्यले एउटा बैठक राखेको थियो । त्यहाँ संसदमा निर्वाचित हरेक पार्टीबाट एक जना प्रतिनिधिलाई उपस्थित हुन भनिएको थियो । अन्तिम समयमा हतारहतार बसाल्नुपरेको त्यो बैठकबारे थाहा पाएपछि कसैसँग जवाफको अपेक्षा नराखी मेरो मनमनै एउटा प्रश्न उठ्यो- जे जे दिनुपर्ने जानकारी राखेर सम्बन्धित सबै पार्टीहरूको ठेगानामा अघिल्लै दिन एउटा इमेल पठाउनु वा बैठकमै डाक्नुमध्ये सचिवालयको समय, स्रोत र जनशक्तिका हिसाबले कुन चाहिँ सजिलो पर्दथ्यो होला ? शपथ ग्रहणको समयमा प्रत्येक दलका अध्यक्ष/सभापतिहरू पहिलो पङ्तिमा बस्ने, त्यसभन्दा पछाडिका लहरमा बाँकी सांसदहरू बस्ने गरी 'बसाइ व्यवस्थापन' गरिएको रहेछ । मेरा लागि शपथ ग्रहणको पल सार्वभौम नेपालको सांसदका रूपमा उभिएको पहिलो दिनको अद्वितीय र अभिनव क्षण मात्र थिएन । मतदाताहरूको अपार भरोसा लिएर नेपाली राजनीतिको आकाशमा भर्खरै उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित सांसद हुनुका नाताले हामी सार्वजनिक रूपमा सबैभन्दा बढी चासोपूर्वक नियालिएको समूहमा पर्ने नै भयौं । त्यस खालको चित्रण, चिनारीको खोजी, भूमिकाको अपेक्षा र जिम्मेवारीको गुरुत्वाकर्षणसँगै चुनौतीपूर्ण अभिभारा सम्झँदा मेरो मन भारी भएर एकाएक आँखाहरू रसाउन पुगे ।

ठीक त्यही बेला मैले हात जोडेर सत्य निष्ठापूर्वक चार वाक्य पुकारें जुन मेरो अन्तरमनको शपथ थियो । मैले मनमनै लिएका चार अठोटहरू थिए, 'देशको सेवा राम्ररी गर्न सकूँ। मलाई कहिल्यै एक कदम पनि पछि हट्नु नपरोस् । कुनै पनि कुराको लोभले मलाई सताउन नसकोस् । म सधैं करुणाले युक्त रहिरहन सकूँ ।'

मलाई दृढ विश्वास पैदा भयो कि यी सबै प्रतिज्ञामा अविचलित भएर अघि बढ्न मलाई आम मतदाताको खबरदारीपूर्ण साथ सधैं रहिरहनेछ । मेरो औपचारिक शपथ नेपाल भाषामा थियो । एक अक्षर नछुटाई सही उच्चारण गर्नमा कतै बिराउँछु कि भन्ने भयले पहिले नै त्यसको लिखित प्रति प्रिन्ट गरेर लिइराखेको थिएँ । त्यति सोचविचारका साथ तयारी गर्दा पनि झण्डै त्रुटि भएको रहेछ ! यद्यपि सचिवालयका कर्मचारीहरूले त्यसलाई तुरुन्तै सच्याइदिए । मैले शपथको ढाँचा नेपाली र नेपाल भाषा दुवैमा प्राप्त गरें । हामीले दुवै भाषाका अलग अलग शपथ पत्रको अन्त्यमा हस्ताक्षर गर्नुपर्दोरहेछ र ती संसद सचिवालयको अभिलेखका रूपमा सुरक्षित रहनेछन् । शपथ लिएर हस्ताक्षर गरेपछि दुवै कागजातहरू आ-आफ्नै सिटमा छाडेर प्रतिनिधि सभा सदस्यको आधिकारिकता सहित हामी उठ्यौं ।शपथ ग्रहण सकिएपछिको खाना खाने क्षण मलाई सबैभन्दा रोचक लाग्यो । खाने ठाउँमा तीन खण्डहरू थिए। पहिलो भीभीआईपी (अति महत्वपूर्ण व्यक्ति) अर्थात् संसदीय दलका नेता र स्वतन्त्र सांसदहरूको, दोस्रो अन्य सांसदहरूको र तेस्रो चाहिँ आमन्त्रित अतिथि एवम् परिवारजनको । म बीचको खण्डमा परें । तर मैले खाना भन्दा बढी आफ्नै मनभित्र हुँडलिएको खुल्दुली खाएँ- शपथकै दिन सांसदहरू र उनीहरूले प्रतिनिधित्व गर्ने सर्वशक्तिशाली नागरिक अर्थात् मतदाताबीचको यस्तो खण्डीकरण किन देख्नुपरेको होला ?

त्यसमाथि भीभीआईपीको खण्डमा २० भन्दा कम सांसद र बाँकी २५० भन्दा बढी सांसदको लागि खाना लिने सेटअफ समान रूपले गरिएको देखेपछि आफूलाई सकारात्मक बनाउने तर्क पहिल्याएँ- व्यवस्थापकहरूले कम्तीमा त्यसरी भए पनि कायम गर्न खोजेको एकरूपतालाई त मान्नैपर्छ! खानाको लामो लाइनमा उभिएका सांसदहरूमध्ये केहीले अरूलाई उछिनेर एक पाइलो अगाडि लम्किएको देख्दा सान्त्वना महसुस गर्ने अर्को अवसर फेला पर्‍यो । त्यसरी उछिनिँदा पनि इमानदारीपूर्वक आफ्नो पालो कुरिरहेका माननीयज्यूहरूको अनुहारमा सरकारी सेवा लिएर पोख्त भइसकेका आम नागरिकको छाप नमेटिएको मज्जैसँग महसुस भयो ।

उस्तै झलक मिल्ने सांसदका परिवार जन तथा आमन्त्रित पाहुनाहरूको भोजन स्थलमा अर्को एउटा दृश्य चाहिँ फरक देखियो- उहाँहरूले खाने खाना प्लास्टिकको बाकसमा प्याक गरिएको थियो । प्लास्टिकका त्यस्ता आयातित बाकसहरूमा गुमेको रुपैयाँ र वातावरणीय मूल्य खाना बाँड्ने र भाँडा धुने दुई जना सहयोगी कर्मचारीको परिचालनबाट रोक्न सकिने सन्देश संसद सचिवालयसम्म पुर्‍याउन नेपाल सरकारको वातावरण मन्त्रालयकै पत्र या प्रतिनिधि चाहिने

> **म बीचको खण्डमा परें । तर मैले खाना भन्दा बढी आफ्नै मनभित्र हुँडलिएको खुल्दुली खाएँ- शपथकै दिन सांसदहरू र उनीहरूले प्रतिनिधित्व गर्ने सर्वशक्तिशाली नागरिक अर्थात् मतदाताबीचको यस्तो खण्डीकरण किन देख्नुपरेको होला ?**

त होइन होला ! यो त मेरो सांसदका रूपमा पहिलो दिनको सानो टिपोट मात्र हो । तथापि यस्तै सानातिना फेहरिस्तभित्र लुकिछिपी बस्ने मसिना त्रुटिले नै भविष्यमा समस्याका भीमकाय पहाडहरू पैदा गर्छन् । तसर्थ मलाई लाग्छ, थालनीदेखि नै हामीले गर्ने साना निर्णयहरू पछिका लागि महत्वपूर्ण हुन्छन् । जस्तो कि आम चुनाव मार्फत् हामीलाई निर्वाचित गरेर संसदमा पठाउने निर्वाचन आयोग एकै निकाय भएर पनि उसले हाम्रो नागरिकताको फोटोकपी तीन पटक मागेर लियो- उम्मेदवारी दर्ता गर्दा, निर्वाचनको दिन हिँडडुल गर्नको लागि र शपथ ग्रहण समारोहमा भाग लिन जाँदा ।

यस्तो किन हुन्छ भने हाम्रा संवैधानिक निकाय वा सरकारी विभागहरू आफै मातहतका समेत एकअर्का एकाइसँग कुरा गर्दैनन् । अब पुन:विचार गरौं, कति पटक हामीले एउटै कागजातलाई फोटोकपी र स्टेपल गरेर पेश गर्दै समय बिताउने ? यी सबै कागजात कहाँ जान्छ होला ? १० वर्षमा सरकारी सेवा लिने हरेक नागरिकले बुझाएको कागजातको राशि कति हुँदो हो ! अनि कागजको थुप्रोसँगै त्यसको उत्पादनमा भएको लगानीको उपयोग कसले, कहिले र के प्रयोजनका लागि गर्छ कुन्नि !

मेरो संसदकालमा यस्ता प्रश्नहरू जति उठ्नेछन् त्यति एकएक गरी टिप्नेछु र पारदर्शी तवरले आम मतदाताको खुला अदालतमा पेश गर्दै जानेछु । यस्ता तमाम सवालहरूमाथिको सही फैसला गर्दै सर्वोपरि न्याय र सुशासन बहाली गर्ने यात्रामा हरेक कदमलाई खेर जान नदिने प्रण गर्दछु ।

(सुमना प्रतिनिधि सभाकी नवनिर्वाचित सदस्य हुन् ।) *साभार: अनलाइनखबर*

# अनलाइन बाल सुरक्षा कार्यविधि बन्यो, कार्यान्वयनमा आएन



काठमाडौं/राष्ट्रिय बालअधिकार परिषद्ले डिजिटल माध्यमबाट बालबालिकालाई सुरक्षित राख्न 'अनलाइन बाल सुरक्षा कार्यविधि, २०७८' बनाए पनि कार्यान्वयनमा आएको छैन ।

परिषद्ले अनलाइनका माध्यमबाट बालबालिकामाथि बढ्दो दुर्व्यवहारलाई न्यूनीकरण गर्न अनलाइन बाल सुरक्षा कार्यविधि, २०७८ को मस्यौदा बनाएको थियो । तर, हालसम्म कार्यविधि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमै अलपत्र छ । मन्त्रालयले कार्यविधि स्वीकृत नगर्दा यो कार्यान्वयनमा आउन सकेको छैन ।

मस्यौदा बनाउने कार्यमा संलग्न बाल अधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक मिलन धरेलले अनलाइनबाट बालबालिकालाई सुरक्षित राख्ने कार्यविधि अलपत्र पर्नु दु:खद् भएको बताए । 'एमाले नेतृत्वको सरकारका पालामा बनेको कार्यविधि भनेर होला, देउवा नेतृत्वको सरकार हुँदा अलपत्र पर्‍यो', उनले भने, 'अहिले नयाँ मन्त्री नै आएका छैनन्, कार्यविधि त्यत्तिकै थन्किएको छ ।' नयाँ मन्त्रीको प्राथमिकतामा अनलाइन बाल सुरक्षा कार्यविधि परे राम्रो हुने उनले बताए ।

इन्टरनेटमा बालबालिका दुर्व्यवहारमा परेको घटना बढिरहेका बेला यसको नियन्त्रणका लागि सरकारी स्तरबाट तादरुकता नहुनु दु:खद् रहेको बालअधिकारकर्मी सञ्जीव न्यौपाने बताउँछन् । उनी भन्छन्, 'अनलाइनबाट बालबालिकालाई जोगाउनका लागि तत्काल कदम चाल्नुपर्ने अवस्था छ । अझ भएको कार्यविधिमा पनि कार्यान्वयनमा नआउनु ठीक होइन ।' .

**कार्यविधिमा के छ ?**

कार्यविधिको प्रस्तावित मस्यौदामा अनलाइनबाट हुने हिंसाबाट जोगाउन परिवार, विद्यालय, सेवा प्रदायक लगायतले खेल्नुपर्ने भूमिकाबारे विस्तृतमा उल्लेख छ । कुनै वेवसाइटका सञ्चालकले पनि बालसुरक्षा सुनिश्चित गर्नुपर्ने भनिएको छ ।

'आफूले सञ्चालन गरेको वेवसाइटबाट प्रकाशन तथा प्रशारण हुने सामग्री बाल दुर्व्यवहाररहित हुने कुराको सुनिश्चितता गर्नु सम्बन्धित वेवसाइट सञ्चालकको दायित्व हुनेछ' कार्यविधिमा भनिएको छ, 'कुनै पनि वेवसाइट सञ्चालकले आफ्नो वेवसाइटको सञ्चालन गर्दा गोपनीयताको नीति अन्तरगत बालबालिकाको गोपनियताको प्रत्याभूति, वेवसाइट प्रयोगका सर्तमा बालबालिकाको दायित्व तथा उनीहरुको सहमति लिने प्रक्रिया समेत प्रष्टसँग देखिने गरी प्रकाशित गर्नुपर्नेछ ।'

कार्यविधिमा कुनै वेवसाइटले बालबालिकाको तस्वीर राख्दा वा उनीहरुको गतिविधिलाई अभिलेख गर्दा उनीहरुको गोपनीयताको प्रत्याभूति हुने गरी अभिभावकको सहमतिमा मात्र संकलन गर्नुपर्ने भनिएको छ । कार्यविधिले बालबालिकाले प्रयोग गर्ने उपकरण सुरक्षाको प्राथमिक दायित्व सम्बन्धित अभिभावकको हुने भनेको छ ।

'कुनै पनि उपकरण आफ्ना बालबालिकालाई प्रयोग गर्न उपलब्ध गराउनुअघि त्यसलाई प्रयोग गर्ने तरिकाबारे आफ्ना बालबालिकालाई अभिमुखीकरण गर्नु सम्बन्धित अभिभावकको पनि कर्तव्य हुनेछ', कार्यविधिमा भनिएको छ, 'कुनै उपकरण आफ्ना बालबालिकालाई प्रयोग गर्न उपलब्ध गराउनुअघि ती उपकरण जोड्ने नेटवर्कको सुरक्षा सुनिश्चित गने, फायरवाल राख्ने तथा त्यसको आवधिक रुपमा अद्यावधिक गरी सुरक्षासम्बन्धी विषयको सुनिश्चितता गर्नुपर्नेछ ।'

आफ्ना बालबालिकाले प्रयोग गर्ने नेटवर्क सुरक्षाको प्रत्याभूति भएपछि मात्र बालबालिकालाई सूचना प्रविधिका उपकरण प्रयोग गर्न दिनुपर्ने भनिएको छ । 'आफ्ना बालबालिकाको इन्टरनेटमा हुने गतिविधि सम्बन्धमा जानकारी राख्न अभिभावक नियन्त्रण (प्यारेन्टिङ कन्ट्रोल) सम्बन्धी सफ्टवेयरको प्रयोग गर्नु अभिभावकको कर्तव्य हुनेछ', कार्यविधिमा भनिएको छ ।

बालबालिकाको इन्टरनेट प्रयोग सम्बन्धमा अनुशासन तय गरी गोपनीयता, बालबालिकाका लागि उपयुक्त वेवसाइटको पहिचान गर्ने तरिका तथा हानिकारक विषयवस्तुमा पहुँच पुग्न गएमा वा कसैले आफू लक्षित त्यस्ता सामग्री सम्प्रेषण गरे कसलाई उजुरी गर्ने भन्नेबारे पनि बालबालिकालाई जानकारी गराउनुपर्ने भनिएको छ ।

'आफ्ना बालबालिकाले इन्टरनेटमा हेर्ने सामग्री, त्यस्ता सामग्रीको सम्भावित जोखिमको सम्बन्धमा समय समयमा जानकारी राख्नुपर्नेछ', कार्यविधिमा भनिएको छ, 'आफ्ना बालबालिकाले इन्टरनेट प्रयोग गर्दा आकस्मिक रुपमा आउन सक्ने तेस्रो पक्षको लिंक वा जोखिमयुक्त विज्ञापन र त्यसको सम्भावित जोखिमको बारेमा उनीहरुलाई सावधान हुने व्यवस्था मिलाउनुपर्नेछ ।'

बालबालिकाले इन्टरनेट प्रयोग गर्दा भेट हुनसक्ने कुनै अपरिचित व्यक्तिसँग गर्नुपर्ने व्यवहारको सम्बन्धमा आफ्ना बालबालिकालाई अभिमुखीकरण गराउनु पनि अभिभावकको कर्तव्य हुने भनिएको छ ।

अभिभावकले आफ्ना बालबालिकालाई इन्टरनेट प्रयोग गर्ने उपकरणमा आफ्ना वित्तीय विवरण उपलब्ध गराउने, वालेट, कार्ड वा अन्य भुक्तानीका साधनहरु प्रयोग गर्न दिनु नहुने भनिएको छ । सेवा प्रदायकले आफ्नो सेवा दिँदा १३ वर्षमुनिका बालबालिकाको व्यक्तिगत विवरण संकलन गर्न नपाइने भनिएको छ । भनिएको छ, '१३ देखि १८ वर्षसम्मका बालबालिकाको हकमा कुनै व्यक्तिगत विवरण संकलन गर्दा अनिवार्यरुपमा अभिभावकको सहमति लिने व्यवस्था मिलाउनुपर्छ ।' कार्यविधिमा कुनै पनि भुक्तानी सेवा प्रदायकले कुनै सेवाग्राहीको भुक्तानी सुनिश्चित गर्दा प्रयोगकर्ता बालिग रहेको पुष्टि गरेपछि मात्र भुक्तानी हुने प्रणाली अनिवार्य रुपमा स्थापित गर्नुपर्ने भनिएको छ ।

**अनलाइन बालसुरक्षा प्रणाली बनाउने**

कोरोना महामारीपछि मुलुकमा इन्टरनेट प्रयोगकर्ताको संख्या ह्वात्तै बढेको छ । अनलाइन कक्षा सञ्चालन भएपछि अधिकांश बालबालिका इन्टरनेटसँग जोडिएका छन् । तर, अनलाइनबाट आइपर्न सक्ने खतरालाई सम्बोधन गर्ने छुट्टै संयन्त्र छैन । 'उनीहरुलाई अभिभावकलाई भन्न कतिपय अवस्थामा डर हुन्छ, प्रहरी कहाँ सिधै जाने कुरै भएन', बालअधिकार परिषद्का पूर्वकार्यकारी निर्देशक धरेल भन्छन्, 'त्यसैले सरोकारवालासँग सहकार्य गरेर एक बहुपक्षीय अनलाइन बाल सुरक्षा प्रणाली सञ्चालनमा ल्याउने व्यवस्था गरेका थियौं ।'

कार्यविधिमा यस्तो प्रणाली हाल सञ्चालनमा रहेको बाल हेल्पलाइन, नेपाल प्रहरीको खोजतलास सेवा, साइबर ब्यूरो लगायतसँग समन्वय हुने गरी बाल अधिकार परिषद् आफैं वा सरोकारवालासँग समन्वय गरेर सञ्चालनमा ल्याउने भनिएको छ ।

'यसरी सञ्चालनमा आएको बालसुरक्षा प्रणालीमार्फत जानकरीमा आएका बाल दुर्व्यवहार जन्य सामग्रीको छानबिन तथा त्यसको निषेधमा सघाउनु सेवा प्रदायकको कर्तव्य हुनेछ', कार्यविधिमा उल्लेख छ ।

अनलाइनबाट दुर्व्यवहारमा परेको जानकारी प्राप्त भए राष्ट्रिय बालअधिकार परिषद् आफैं वा सरोकारवाला सेवा प्रदायकमार्फत तत्काल उद्दारका लागि आवश्यक काम गर्ने भनिएको छ । कार्यविधिमा बालबालिका, महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिवको संयोजकत्वमा रहने गरी अनलाइन बालसुरक्षा समन्वय समितिको पनि परिकल्पना गरिएको छ ।

यसमा मन्त्रालयका बालबालिका महाशाखा प्रमुख, बालअधिकार परिषद्, गृह मन्त्रालय, सञ्चार मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल दुरसञ्चार प्राधिकरण, साइबर ब्यूरो, टेलिकम सेवा प्रदायक, इन्टनेट सेवा प्रदायक र साइबर सुरक्षाको क्षेत्रमा कार्यरत संघसंस्थाको तर्फबाट कम्तिमा एक महिलासहित ३ जना सदस्य हुने भनिएको छ ।

समितिले गरेको सिफारिसका आधारमा इन्टरनेटमा भेटिने बालबालिकाका लागि हानिकारक हुने अनलाइन सामग्री पहिचान भए त्यसलाई हटाउन सम्बन्धित नियामकलाई सिफारिस गर्न सक्ने भनिएको छ । 'समन्वय समितिको सिफारिसमा सम्बन्धित नियामक निकायले जारी गरेको आदेश पालना गर्नु सम्बन्धित सेवा प्रदायकको कर्तव्य हुनेछ', कार्यविधिमा भनिएको छ ।

समन्वय समितिले बाल सुरक्षासम्बन्धी राष्ट्रिय नीति, रणनीति तथा कार्यक्रम तर्जुमा गरेर सरोकारवालासँग समन्वयमा कार्यान्वयनमा ल्याउने भनिएको छ । यसले अनलाइन बाल सुरक्षाका लागि प्रदेश, स्थानीय तह तथा अन्य सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्ने पनि भनिएको छ ।

'समितिले अनलाइन बालसुरक्षाको अवस्था सम्बन्धमा अनुगमन, निरीक्षक र मूल्यांक गर्ने काम पनि गर्नेछ', कार्यविधिमा भनिएको छ, 'अनलाइन बाल सुरक्षाका लागि राष्ट्रिय शिक्षा प्रणालीको अधिनमा रहेर पाठ्य सामग्री विकास गर्ने तथा कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस पनि गर्नेछ ।'

समितिले अनलाइन बाल सुरक्षाबारे कुनै कार्य गर्न आवश्यक देखे मन्त्रालयले कार्यक्षेत्र र सीमा तोकेर विज्ञहरुको समिति गठन गर्नसक्ने पनि भनिएको छ ।

*(स्रोत: अनलाइखबर)*

# वंश गोपाल सहकारीको ३१ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ वंशगोपाल दुग्ध उत्पादक सहकारी संस्थाको ३१ औं वार्षिक साधारणसभा शनिबार भएको छ ।

हेटौंडा-६, चौघडामा रहेको सहकारीको केन्द्रीय दुग्ध संघका सञ्चालक सदस्य विदूर हुमागाईको प्रमुख आतिथ्यता एवम् सहकारीका अध्यक्ष श्यामप्रसाद न्यौपानेको सभाध्यक्षतामा साधारण सभा भएको हो ।

साधारणसभामा संस्थाका अध्यक्ष न्यौपानेले संस्थागत प्रतिवेदन, ब्यवस्थापक लक्ष्मण सापकोटाले आव ०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन र कृषक हितकोषका संयोजक रामहरि चौलागाईले हितकोषको प्रतिवेदन पेश गरेका थिए ।

भेलाको अवसरमा विभिन्न विद्याका उत्कृष्ट कृषकहरुलाई पुरस्कृत गरिएको थियो । नियमित बचतकर्तामा रामकुमारी देवकोटा र यादव सापकोटा, असल कारोवारीमा नरबहादुर सापकोटा र सुमित्रा लामिछाने पुरस्कृत भएका थिए ।

यसैगरी उत्कृष्ट कृषकमा बासुदेव अधिकारी, नवराज दाहाल र हेमलाल अर्याल, गोठ सफाइमा सुमित पोखरेल, भाँडा सफाइमा भरत दाहाल, बढी सामान खरिदकर्तामा बासुदेव अधिकारी, केदारनाथ दाहाल र रामनाथ बास्तोलालाई पुरस्कृत गरिएको थियो ।

साधारणसभामा हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, वडा सदस्य विजय पौडेल, बागमती प्रदेश दुग्ध विकास बोर्डका सञ्चालक सदस्य बासुदेव अधिकारी, जिल्ला दुग्ध उत्पादक सहकारी संघ मकवानपुरका उपाध्यक्ष अर्जुन प्रसाद देवकोटा, संस्थाका संस्थापक अध्यक्ष हरिप्रसाद सिग्देल, कामधेनु बहुउद्देश्यीय सहकारीका अध्यक्ष उदय बिडारी, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, संस्थाका उपाध्यक्ष केशव धिताल, संस्थाका शेयर सदस्य सञ्चारकर्मी लगायतको सहभागिता थियो ।

# प्रणामी व्यवसायी संघको साधारणसभा

साझाकुरा संवाददाता



हेटौंडा, १६ पुस/ प्रणामी समुदायका व्यवसायीहरुको छाता संगठन प्रणामी व्यवसायी संघ मकवानपुरको साधारणसभा भएको छ ।

संघका जिल्ला अध्यक्ष बिनोद पुडासैनीको सभाध्यक्षता तथा प्रणामी व्यवसायी संघका केन्द्रीय अध्यक्ष बिष्णुप्रसाद वाग्लेको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । वाग्लेले व्यवसायीहरुबीच हार्दिकता बढाउन संगठन निरन्तर लागिपरेको बताए । संगठनले व्यवसायीहरुको क्षमता अभिबृद्धिका लागि पनि काम गर्ने योजना ल्याउन लागेको बताएका छन् । कार्यक्रममा संघका उपाध्यक्ष कृष्णप्रसाद घिमिरे, संघका केन्द्रीय सल्लाहकार अर्जुनप्रसाद वाग्ले, राप्रपाका नेता गुञ्जनबहादुर न्यौपाने, सूर्यमणि गौतम, धर्मराज ढकाल, श्रीकृष्ण प्रणामी युवा परिषद् मकवानपुरका अध्यक्ष शिव खतिवडा, जनप्रतिनिधि गुरुप्रसाद ढकाललगायतले मन्तव्य व्यक्त गरेका थिए ।

आहा रारा पोखरा गोल्डकप :

# साविक विजेता एपीएफ सेमिफाइनलमा, धरान बाहिरियो



पोखरा/साविक बिजेता एपीएफ क्लब पोखरामा जारी आहारारा पोखरा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । पोखरा रंगशालास्थित फुटबल मैदानमा भइरहेको खेलमा धरान फुटबल क्लबलाई एपीएफले २-० ले पराजित गर्‍यो ।

एपीएफले दुबै गोल पहिलो हाफमा गर्‍यो । एपीएफलाई जिताउन बिकु तामाङले ३६ औं र युवराज खड्काले ३९ औं मिनेटमा गोल गरे ।

दोस्रो हाफमा धरानले खेलमा केही सुधार गर्दै एपीएफलाई केही दबाबमा राखे पनि गोल गर्न सकेन । पाएका अवसरलाई समेत सदुपयोग गर्न नसक्दा ०७४ पछि पुन: सेमिफाइनलसम्म उक्लने धरानको सपना अधुरै रह्यो । ०७४ मा धरान सेमिफाइनलमा नेपाल पुलिससँग १-० ले पराजित भएको थियो ।

आहा राराको २२ औं संस्करणसम्म आइपुग्दा तेस्रो पटक एपीएफ र धरान भिडेका हुन् । यसअघि दुवै टोली समूह चरणमा मात्रै खेल्ने अवसर पाएका थिए । जसमा एक खेल धरान र एक खेल एपीएफले जितेका छन् ।

विभागीय टोली एपीएफ र धरान फुटबल क्लब पहिलो पटक ०६२ सालको आहारारा पोखरा (आहा गोल्डकप) मा भेट भएका थिए । उक्त खेलमा ट्राइब्रेकरमा विभागीय टिम एपीएफले ४-३ ले जित निकालेको थियो ।

०७३ सालको आहारारा गोल्डकपमा पनि समूह चरणकै दोस्रो खेलमा आमनेसामने भएका थिए । तर, त्यतिबेला धरानले एपीएफमाथि १-० को जित निकालेको थियो ।

गत वर्ष माघमा भएको आहारारा गोल्डकपमा एपीएफले फाइनलमा मनाङ मर्स्याङ्दी क्लबलाई पराजित गर्दै पहिलो पटक उपाधि चुमेको थियो ।

एपीएफ यसअघि ०६४ को आहा गोल्डकपमा पनि फाइनल पुगेको थियो । उक्त संस्करणमा एपीएफ अर्को विभागीय टिम नेपाल पुलिससँग २-० ले पराजित हुँदै उपविजेतामा सीमित हुन पुगेको थियो ।

मोफसलकै अर्को चर्चित खेल बुढासुब्बा गोल्डकप आयोजना गर्दै आएको धरान फुटबल क्लब ०७५ को समूह चरणमा हिमालयन शेर्पासँग १-० ले पराजित भए पछि आहारारा पोखरा गोल्डकपमा सहभागी भएको थिएन ।

*(अनलाइखबर)*

# राहदानी वितरण सहज बनाउन विज्ञको टोली गठन

काठमाडौं/गृहमन्त्रालयले राहदानी, नागरिकता र राष्ट्रिय परिचय पत्र वितरणलाई सहज बनाउ पहल थालेको छ । उल्लिखित डकुमेन्ट प्राप्त गर्न लामो र झन्झटिलो प्रक्रिया भएकोले त्यसलाई सहज बनाउन गृह मन्त्रालयले पहल थालेको हो ।

मन्त्रालयले महत्वपूर्ण परिचय पत्र वितरणमा देखिएको समस्या समाधानका लागि अध्ययन गर्न विज्ञको टोली गठन गरेको छ । सूचना प्रविधि विज्ञहरूको टोली गठन गरेर अध्ययन सुरु गरिएको गृहमन्त्रालयका प्रवक्ता सहसचिव फणिन्द्रमणि पोखरेलले जानकारी दिए ।

प्रवक्ता पोखरेलका अनुसार विज्ञको टोलीले अध्ययन सुरु गरिसकेको छ । अध्ययन प्रतिवेदनका आधारमा समस्याको समाधानतर्फ लागिने उनले बताए ।

मन्त्रालयको जिम्मेवारी सम्हालेपछि गृहमन्त्री रवि लामिछानेले राहदानीलगायत महत्वपूर्ण परिचय पत्र वितरणलाई सहज बनाउने र लाइन लाग्नु पर्ने बाध्यता हटाउने बताएका थिए । उनले राहदानी भागमा अनुगमन समेत गरेका थिए ।

शनिबार मात्रै प्रधानमन्त्री प्रचण्डसँग भेट गरी नागरिकलाई सहज रुपमा सेवा दिनका लागि विज्ञको टोली गठन गरिएको विषयमा छलफल गरेका थिए ।

# मलाई अनावश्यक काम गर्न दबाव नदिनुहोला : उपप्रधानमन्त्री श्रेष्ठ



काठमाडौं/उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले आफू शक्ति र पैसाका लागि नभई काम गर्नका लागि पदमा आएको बताएका छन् ।

मेयरसिंह जौवारी प्रतिष्ठानले आयोजना गरेको 'बधाई तथा शुभकामना' कार्यक्रममा उनले आफू पद र शक्तिका लागि भन्दा पनि देश सेवाभावले केही गर्नुपर्छ भन्ने आफ्नो सोच रहेको बताएका हुन् ।

उनले आफूसँग कुनै चलअचल सम्पत्ति तथा एक कित्ता शेयर पनि नरहेको बताए । 'राष्ट्रियसभा सदस्य भएकाले त्यहीं एउटा राष्ट्रियसभाले खोलिदिएको बैंक खाता छ, अरु कुनै बैंक खातामा एक रुपैयाँ पनि छैन', उनले भने, 'न घर छ, न जग्गा छ, भएको पैतृक सम्पत्ति पनि बेचेर ऋणपान तिरैं, बाँकी रहेको पैसा पार्टीकै लागि दिएको छु ।'

आफूलाई यहाँसम्म आइपुग्न प्रतिष्ठान र आफ्ना नातेदारको भूमिका पनि महत्वपूर्ण रहेको उनले बताए । 'तपाईंहरूले मलाई कुनै अनावश्यक काम गर्न दबाब दिनु भएन । तपाईंहरूको हौसला मेरा लागि सधैं प्रेरणा बन्यो', उनले भने, 'ऐन, नियमविपरीत तपाईंहरुले मलाई काम गर्न कुनै दबाव दिनु भएन र त, म अहिले यहाँ छु ।'

कार्यक्रममा प्रतिष्ठानका सचिवसमेत रहेका मनोजबाबु श्रेष्ठले माओवादी शान्ति प्रक्रियामा आउँदादेखि हालसम्म पनि नेता श्रेष्ठको भूमिका सधैं केन्द्रमा रहेको बताए । उनले मन्त्री श्रेष्ठको काम गराइले अहिलेको सरकार पनि जनमुखी हुने विश्वास व्यक्त गरे ।

# डिजिटल माध्यमबाट प्रेसमाथि आक्रमण बढ्यो : पत्रकार महासंघ

काठमाडौं/नेपाल पत्रकार महासंघले सन् २०२२ मा डिजिटिल प्रविधिको माध्यमबाट सञ्चारमाध्यम र पत्रकारमाथि आक्रमण बढेको बताएको छ ।

शनिबार एक विज्ञप्ति जारी गरी महासंघले डिजिटल माध्यमबाट भइरहेको प्रेस स्वतन्त्रता माथिको आक्रमण नयाँ चुनौती देखिएको बताएको हो ।

महासचिव रोसन पुरीले विज्ञप्तिमार्फत भनेका छन्, 'अनलाइन सञ्चारमाध्यमको सिएमएसमा अनधिकृत प्रवेश गर्ने, संगठित रूपमा अनफलो अभियान चलाउने, सामाजिक सञ्जालमार्फत विभिन्न प्रकारका धम्की दिने, सामाजिक सञ्जाललाई बन्द गर्न प्रयास गर्ने र विमुख बनाउने तथा ह्याक गर्ने काम भएको छ ।'

महासंघको अभिलेखमा सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ वटा घटना भएका छन् । जसमा १३२ जना पुरुष, १८ जना महिला पत्रकार र ६ वटा संञ्चार संस्था प्रभावित भएका छन् ।

सन् २०२२ मा संघ, प्रदेश र स्थानीय सरकारले ल्याएका कतिपय ऐन प्रेस तथा अभिव्यक्ति स्वतन्ताविरुद्ध रहेको महासंघले बताएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# मासु उत्पादनमा बागमतीका पोल्ट्री व्यवसायको ६९ प्रतिशत योगदान

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ बागमती प्रदेशको मासु उत्पादनमा पोल्ट्री व्यवसायको योगदान ६९ प्रतिशत रहेको बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय अण्डा उत्पादनमा बागमती प्रदेशको योगदान ६० प्रतिशत रहेको जनाइएको छ । 'पोल्ट्री क्षेत्रको विकासमा सर्वपक्षीय सहभागिता खाद्य र पोषण सुधार' भन्ने नाराका साथ भएको दशौँ पोल्ट्री दिवस सप्ताहव्यापी कार्यक्रमका अवसरमा हेटौंडामा आयोजित कार्यक्रममा सो जानकारी दिइएको हो । मन्त्रालयको प्रतिवेदनअनुसार बागमती प्रदेशमा एक लाख ६३ हजार तीन सय नौ मेट्रिक टन मासु उत्पादन हुने गरेको तथ्याङ्क सार्वजनिक गरेको छ । जसमा बागमती प्रदेशमा एक लाख १३ हजार चारसय ३२ मेट्रिक टन कुखुरा तथा हाँसको मासु उत्पादन हुने गरेको छ ।

प्रदेशमा कूल अण्डा उत्पादन आठ लाख ९९ हजार तीनसय ३५ ओटा रहेको छ । प्रतिवेदनमा उल्लेख गरिए अनुसार वाग्मती प्रदेशभित्र सञ्चालित पोल्ट्री व्यवसायले देशको कूल मासु उत्पादन तथा अण्डा उत्पादनमा क्रमश: २२ र २६ प्रतिशत रहेको छ । मकवानपुर जिल्लामा मात्र वार्षिक छहजार सातसय ७१ मेट्रिक टन कुखुरा तथा हाँसको मासु उत्पादन हुने गरेको छ ।

जिल्लामा वार्षिक २१ लख ३० हजार कुखुरा तथा चार हजार तीनसय हाँस गरी जम्मा २१ लाख ३४ हजार सातसय ३८ वटा कुखुरा र हाँसपालन भइरहको सो मन्त्रालयले जनाएको छ । जिल्लामा ३६ हजार पाँचसय ओटा अण्डा उत्पादन हुने गरेको छ ।



मन्त्रालयका डा. निशान्त शर्मा गेलालले प्रतिवेदन प्रस्तुत गर्दै प्रदेश सरकारले प्रदेश पोल्ट्री विकास बोर्डको स्थापना गरेर सञ्चालनको प्रक्रिया अगाडि बढाइएको जानकरी दिए । प्रदेश सरकारले प्रदेश कृषि विकास अध्यादेश-२०७९ बनाएको र प्रमाणीकरणको चरणमा रहेको वाग्मती प्रदेश सरकारले किसानलाई लक्षित गरेर पाँच करोड रुपैयाँको बजेट छुट्याएर स्थायी क्षतिपूर्ति कोषसमेत स्थापना गरी सञ्चालन गरिएको उनले बताए । किसानहरुको वर्गीकरण गरेर परिचयपत्र वितरण गरिने र उत्पादित वस्तुको बजार उपलब्ध गराउनुपर्नेसमेत डा. गेलालको भनाइ छ । भेटेरिनरी अस्पताल मकवानपुर हेटौंडाका प्रमुख डा. ब्रजकिशोर ठाकुरले प्रदेशभित्र दानाको परीक्षण र गुणस्तरसम्बन्धी मापदण्ड तयार गरी लागू गर्नुपर्ने बताए ।

मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा पोल्ट्री व्यवसायी राजु अधिकारीले मकवानपुरमा पोल्ट्री व्यवसायीको संख्या घट्दै गएकोमा चिन्ता व्यक्त गरे । उनले विगतमा मकवानपुरमा तीन हजार पोल्ट्री व्यवसायी रहेकामा अहिले घटेर एक हजारमात्र रहेको जानकारी दिए ।

किसानले उत्पादन र लगानी गरेको आधारमा बजार मूल्य नपाएको बताउँदै पोल्ट्री व्यवसायसँग सम्बन्धी स्पष्ट कानुनी व्यवस्था आउनुपर्ने धारणा व्यक्त गरे । दशौं राष्ट्रिय पोल्ट्री दिवस सप्ताहव्यापी कार्यक्रमको अवसरमा कृषि मन्त्रालय र पोल्ट्री व्यवसायीहरुले विभिन्न कार्यक्रमको आयोजना गरी विभिन्न स्थानमा चेतनामूलक कार्यक्रम गरिरहेका छन् ।

# गुणस्तरीय शिक्षाको व्यवस्था गर्न १६ बुँदे सम्झौता

साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ मकवानपुरका विभिन्न शिक्षक संगठन र जिल्लाका दुईवटा स्थानीय तहबीच निरन्तर संवाद र सहकार्य गर्दै गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने विषयमा १६ बुँदे सम्झौता भएको छ ।

दुई दिनसम्म भएको बृहत् छलफलपछि जिल्लाका शिक्षक संगठनहरु र दुईवटा स्थानीय तहबीच सहकार्य गर्ने बिषयमा सम्झौता भएको हो । सम्झौता पत्रमा हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामा र मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, नेपाल शिक्षक महासंघ मकवानपुरका अध्यक्ष जीधराज ढकाल, नेपाल शिक्षक संघ मकवानपुरका अध्यक्ष रामकुमार अधिकारी, नेपाल राष्ट्रिय शिक्षक संघठन जिल्ला अध्यक्ष श्रीराम दाहाल, संस्थागत विद्यालय शिक्षक युनियनका जिल्ला संयोजक सचिन लामाले हस्ताक्षर गरेका छन् ।

सहमति पत्रमा शैक्षिक सरोकारवाला संघ, संगठनहरूको अनिवार्य सहभागितामा उपमहानगर तथा गाउँपालिकास्तरीय शैक्षिक संवाद समिति गठन गरी नियमित छलफल गर्ने, शिक्षा क्षेत्रका लागी



बजेट निर्माण तथा पालिकाको शैक्षिक नीति तथा कार्यक्रम निर्माण गर्नुपूर्व सरोकारवालहरुसँग छलफल गर्ने उल्लेख गरिएको छ ।

यस्तै, अनिवार्य, नि:शुल्क तथा गुणस्तरीय सार्वजनिक शिक्षा एवम् सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीका पेसागत समस्या हल गर्नका लागि शैक्षिक संवाद समितिलाई क्रियाशील बनाइने र संस्थागत तथा सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक कर्मचारीलाई शिक्षा ऐन, नियमावलीमा तोकिएबमोजिम नियुक्तिपत्र, तलब, भत्तालगायत सुविधा उपलब्ध गराउन आवश्यक वातावरण निर्माण गर्ने सहमति भएको छ ।

पालिकाभित्र सञ्चालित विद्यालयमा उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गरी गुणस्तरीय शिक्षा प्रदान गर्न पहल गर्ने, पालिकाभित्र बसोबास गर्ने कुनैपनि बालबालिकालाई विद्यालय तहको शिक्षा आर्जन गर्नबाट बञ्चित हुन नदिने, बालमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री विद्यालय बनाउन लगानीमा बृद्धि गर्ने, प्रविधिमैत्री विद्यालय, पोसाक, छात्रवृत्ति, पाठ्यपुस्तक वितरण तथा न्यायिक विद्यालय स्थापनामा जोड दिने जस्ता विषय सहमति पत्रमा उल्लेख छ ।

सहमति पत्रमा हस्ताक्षर पछि आयोजित कार्यक्रममा बोल्दै इस्टुका राष्ट्रिय अध्यक्ष होमकुमार थापा, हेटौंडाकी मेयर मिनाकुमारी लामा, मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तान, हेटौंडा उपमहानगरपालिकाका १ का वडा अध्यक्ष सविन न्यौपाने, २ का वडा अध्यक्ष विष्णुगोपाल महर्जन, ४ का वडाध्यक्ष नबिन सिग्देल, १५ का अध्यक्ष सुनिल मोत्तान, संस्थागत विद्यालय अभिभावक संघकी अध्यक्ष रमिला सापकोटालगायतले सहमतिलाई दुबैतर्फ अक्षरस पालना गर्नुपर्नेमा जोड दिएका थिए ।

हेटौंडाका डेरी उद्यमी दाजुभाई

# विदेश पुर्‍याउँछन् छुर्पी

हेटौंडा, १६ पुस/ हेटौंडाका कोइराला दाजुभाइले जन्मथलोमै बसेर कृषि क्षेत्रबाटै पनि केही गर्न सकिन्छ भन्ने उदाहरण देखाएका छन् ।

मकवानपुरमा २०६९ जेठमा सिर्जन कोइराला र निराजन कोइराला २ दाजुभाइ मिलेर स्थापना गरेको गायत्री डेरी उद्योगमार्फत् प्रत्यक्षरुपमै ७० जनालाई रोजगारी दिएका छन् । फूड टेक्नोलोजी अध्ययन गरेका दाइ सिर्जन कोइराला २०६९ सालअघि हेटौंडा डेरी उद्योगमा फूड टेक्नोलोजिस्टको रुपमा कार्यरत् थिए । भाइ निराजन कोइराला डेरी टेक्नोलोजिस्ट हुन् । सिर्जनले हेटौंडा डेरी उद्योगमा २ वर्षसम्म काम गरे भने पछि टेक्नोलोजिस्टकै रुपमा २०६६ सालतिर पश्चिम अफ्रिकातिर गए । ३ वर्ष उतै बसेका उनी स्वदेश फर्किंदा भने पुन: उतै जाने गरी 'रिटर्न टिकट' लिएर आएका थिए । विदेशमा रहँदा डेरी उत्पादनसम्बन्धी देखेर आएका उनी नेपाल झरेपछि यतै रोकिए ।

स्वदेशमै डेरी उत्पादनको सम्भावना खोज्दै ८-१० लाख रुपैयाँ लगानी गरी २ दाजुभाइले मिलेर मकवानपुरको भीमफेदी गाउँपालिका स्थित भैंसेमा सामान्य २ कोठा लिएर सानो डी-फ्रीज र सानो मेशिन औजारहरु राखेर परीक्षणको रुपमा उद्योग नै सञ्चालन गरे । सुरुवाति चरणमा स्थानीय दुग्ध सहकारी, कृषकहरुमार्फत् दूध संकलन गरी दूध, दही, घ्यु, चिज उत्पादन गर्न लागे तापनि उनीहरुको पहिलो प्रयास सफल हुन सकेन ।

विशेषगरी छुर्पी उत्पादनका लागि चिसो ठाउँ आवश्यक पर्ने भएकाले मकवानपुरको भैंसेस्थित किटनीको डाँडामा सञ्चालन गर्न लागिएको थियो । तर, त्यहाँ भौगोलिक समस्याले गर्दा दूध लैजान र उत्पादन साम्रगी हेटौंडा ल्याउन समस्या हुन पुगेको सिर्जनले बताए ।

त्यसलगत्तै छुर्पी बनाउन आवश्यक चिसो बनाउने उपकरण जडान गरी हेटौंडा उपमहानगर पालिका-२ मनकामना रोडमा रहेको आफ्नै निवासबाट उद्योग सञ्चालन




गरिएको उनले बताए । 'हेटौंडा ल्याइसकेपछि पनि हामीले पहिले दूध, दही, घ्युको मात्र उत्पादन गर्थ्यौं', उनले भने । हेटौंडा बजार निकै साँघुरो थियो तर, पनि प्रतिस्पर्धा धेरै थियो । हेटौंडाको बजार सानो भए पनि यहाँ ९ वटा डेरी उद्योग थिए । 'निकै प्रतिस्पर्धात्मक बजार भएका कारण त्यो समयमा हामीले दूध, दही, घ्युको अलावा छुर्पी पनि उत्पादन गर्ने सोच राख्यौं । त्यसलगत्तै उद्योगमा छुर्पी बनाउन आवश्यक पर्ने चिसो बनाइराख्ने उपकरणहरु जडान गर्‍यौं र उत्पादन भयो ।' यसबीच २ दाजुभाइले हेटौंडामा रहेका अन्य डेरी उद्योगलाई पूर्वी इलामलगायत अन्य जिल्लाबाट क्रिम ल्याएर आफ्नो उद्योगबाट प्रशोधन गरी बटर बनाएर ठूलो परिमाणमा बिक्री वितरणसमेत गरेको अनुभव सुनाए ।

बटर बनाउँदा कुनै समय बटर बनाउन आवश्यक क्रिम कहिले धेरै मात्रामा आउने भयो, कहिले आउँदै नआउने भएपछि के रहेछ भनेर फिल्ड भिजटमा इलाम पुग्दा त्यहाँ ठूलो परिमाणमा छुर्पी उत्पादन हुने र निकै ठूलो परिमाणमा बाहिर निर्यात हुने गरेको थाहा भएको उनले बताए । 'हामीले इलाममा सानो-सानो परिमाणमा घर मा कतै सानो घरेलु उद्योग खोलेर छुर्पी उत्पादन गरेको देख्यौं,' उनले भने, 'इलाम, पाँचथरलगायत जिल्लामा किसानहरुले घरमै १ क्यान दूध, आधा क्यान दूध राखेर छुर्पी उत्पादन भएको देखिसकेपछि हामीले ती छरिएर रहेका साना-साना परिमाणमा उत्पादन भएका छुर्पीलाई संकलन वा एकीकृत गरी आफ्नो उद्योगसँग जोड्न सक्छौं कि सक्दैनौं भनी सोच्यौं । त्यसपछि धेरै रिसर्च र हेटौंडामा आरएनडी गर्‍यौं ।'

२०६९ सालबाट सानो लगानीमा परीक्षणको रुपमा सञ्चालनमा आएको उद्योगले अहिलेसम्म आउँदा छुर्पीमा राम्रो बजार बनाइसकेको छ । उनले उत्पादित छुर्पीको ५० प्रतिशत बिक्री काठमाडौं र बाँकी ४० प्रतिशत बिक्री भारत हुँदै विदेश जाने गरेको बताए । अहिले उद्योग आफैंले दैनिक ८-१० हजार लिटर दूधबाट छुर्पी उत्पादन गर्ने गरेको छ । उनका अनुसार अहिले हेटौंडा-२ मनकामना रोडमा रहेको उद्योगबाट प्रशोधन हुन्छ भने हेटौंडा-८ कमानेमा रहेको उद्योगबाट ड्राइ हुने गरेको छ । त्यहाँ प्रोसेसिङ र फिनिसिङलगायतको काम हुन्छ र युरोपियन देशहरु, एसियाकै कतिपय देश र अमेरिकासम्म मकवानपुरको छुर्पी निर्यात हुने गरेको उनले बताए । क्यानाडा, यूके, अमेरिका, एसियन देशहरु, जापान, कोरियासम्म नेपाली उद्योगबाट उत्पादित छुर्पी निर्यात हुने गरेको छ ।

अहिले दैनिक रुपमा उद्योगबाट १ हजारदेखि १५ सय किलोसम्म छुर्पी उत्पादन भइरहेको छ । १० लाखबाट सुरु भएको उद्योगको कूल पुँजी अहिले लगभग ७/८ करोड पुगेको सिर्जनले बताए । उद्योगबाट हाल छुर्पीबाहेक दूध, दही, घ्यू, पनिर, चिज पनि उत्पादन हुने भए तापनि विश्वव्यापी कोरोना संक्रमणले डेरी उद्योगलाई चुनौती थपेको निराजनले बताए । कोरोना महामारीअघि र पछिको स्थिति हेर्ने हो भने लगभग ५० प्रतिशत दूधको उत्पादन घटेको उनले बताए । सरकारको नीतिगत समस्याले गर्दा अहिले पाउडर र दूध दुवै बाहिरबाट नआएको उनले बताए ।

*(लोकान्तर डटकमबाट)*

# कृषिमा व्यावसायिकता आवश्यक: बानियाँ



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ नेपाल बीऊ व्यवसायी संघका केन्द्रीय महासचिव विश्वराज बानियाँले देशभित्रै गरिखाने वातावरण बनाउन कृषिमा व्यावसायिकता आवश्यक भएको बताएका छन् ।

नेपाल बीऊ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरको आठौं वार्षिक साधारणसभामा बोल्दै उनले यस्तो बताएका हुन् । उनले बीऊमा आत्मनिर्भरताका लागि देशभित्रै बीऊ उत्पादनलाई प्रोत्साहित गर्ने तीनै तहको सरकारको नीति हुनुपर्ने बताउँदै नयाँ जातको बीऊ सूचीकरण नहुँदा कृषि उत्पादन प्रभावित भएको बताए ।

कार्यक्रममा बागमती प्रदेशको बीऊ बिजन गुणस्तर नियन्त्रण केन्द्रका निर्देशक राजन ढकालले गुणस्तरीय बीऊले आर्थिक समृद्धिमा सहयोग पुग्ने धारणा व्यक्त गर्दै प्रदेशभित्रै बीउ उत्पादनलाई प्रोत्साहित गर्न बागमती प्रदेश सरकारले बीऊ बिजन आत्मनिर्भर कार्यक्रम ल्याएको बताए ।

नेपाल बीऊ व्यवसायी संघ जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष रमेश अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल बीऊ व्यवसायी संघ बागमती प्रदेशका वरिष्ठ उपाध्यक्ष हरिशरण अर्याल र मकवानपुर चेम्बर अफ कमर्शका अध्यक्ष माधव न्यौपानेले व्यवसायीको समस्याका बारेमा बोलेका थिए ।

यस्तै, मकवानपुरगढी दरबार परिसरमा भएको नेपाल पशुपंक्षी औषधि व्यवसायी संघ मकवानपुरको पाँचौ वार्षिक साधारण सभाको उद्घाटन गर्दै संघका केन्द्रीय अध्यक्ष पूर्णचन्द्र सापकोटाले नेपालमा दर्ता नभएका पशुपंक्षी औषधि खरिद र बिक्री नगर्न आग्रह गरे ।

पशुपंक्षी औषधि व्यवसायीको भूगोल अनुसार समस्या फरक रहेको चर्चा गर्दै पशुपंक्षी औषधि व्यवसायमा दर्ता बिनाका गैर व्यवसायी बढिरहेको बताए । बागमती प्रदेशको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका निर्देशक डा. बज्रकिशोर ठाकुरले देशको आर्थिक विकासमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको भन्दै पशुपंक्षी औषधि व्यवसायीसँग सहकार्य गरेर काम गर्ने बताए ।

पशुपंक्षी औषधि व्यवसायी संघ मकवानपुरका अध्यक्ष हरिशरण अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका उपाध्यक्ष राजु अधिकारी, पशुपंक्षी औषधि व्यवसायी संघ बागमती प्रदेशका उपाध्यक्ष लक्ष्मण सापकोटा, नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष राममणि दाहाल, पशुपंक्षी औषधि व्यवसायी संघ बागमती प्रदेशका सदस्य प्रकाश अधिकारीलगायतले सरकारले कृषकलाई दिने अनुदान दुरुपयोग रहेकोले नियन्त्रण आवश्यक रहेको बताएका थिए ।

# निरन्तर 'सफा हेटौंडा अभियान'



साझाकुरा संवाददाता

हेटौंडा, १६ पुस/ हेटौंडालाई सुन्दर र सफा शहरको रुपमा विकास गर्ने लक्ष्यसहित थालिएको 'सफा हेटौंडा अभियान' ले निरन्तरता पाएको छ ।

'सफा हेटौंडा अभियान' अन्तर्गत् शनिबार पनि हेटौंडामा सरसफाई गरिएको हो । अभियानअन्तर्गत् हेटौंडालाई सुन्दर र सफा शहरको रुपमा विकास गर्न हेटौंडा उपमहानगपालिकाका नगर प्रमुख मिनाकुमारी लामा आफैं शनिबार बिहान सडकमा देखिइन् । बिहान सबेरै हातमा कुच्चो बोकेर त्रिदेब मार्गको सडक सफा गर्ने अभियानमा रहेकी उनीसँगै अन्य स्थानीय बासिन्दाको साथ रहेको थियो ।

उनीसहितको महिला टोली सडक बढार्ने र फोहर संकलनको काममा रहँदा दायाँबायाँका घरका बासिन्दा दर्शक मात्र बनिरहेको देखिन्थ्यो । उपमहानगरले सुरु गरेको अभियानलाई हरेक साताको शनिबार कार्यान्वयनमा ल्याउन नगर प्रमुख लामा आफैं खटिने गरेकी छन् । शनिबार हेटौंडा-४ को परिजात पथ र त्रिदेब मार्गमा उनीसहित टोलविकास संस्था, महिला उद्यमी र आमा समूहसहितको टोली सफा हेटौंडा बनाउन सडकमा उत्रिएको हो ।

हातमा कुच्चो बोकेर सडक बढार्ने, सडक छेउमा भएको फोहोर संकलन गर्ने र बिरुवाको गोडमेलसहितको काम अभियानको क्रममा गरिएको थियो ।

अभियानलाई साझा बनाउन 'टुगेरद वी क्यान' को नारा दिइएको छ । उपमहानगरले समुदायसँगै जोडेर अभियान सञ्चालन गर्दा स्थानीय बासिन्दालाई पनि जिम्मेवारीको महसुस हुने उनको बुझाइ छ ।

अहिले उपमहानगरमा रहेका टोलबिकास संस्थाले टोलटोलमा पुगेर अभियानलाई सार्थक बनाउन लागिरहेको र यसको परिणाम बिस्तारै देखिँदै जाने बताइएको छ । हामिले हाम्रो पहिचानको रुपमा रहेको सुन्दर हरित नगरीलाई थप प्रभावकारी बनाउन अभियान थालेको नगर प्रमुख लामाले बताइन् ।


**रेष्टुरेन्ट बिक्रीमा**

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*होम डेलिभरिको पनि व्यवस्था छ ।*

प्रो. अमिता चौधरी

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१०६११२

**थप सुविधाका साथ हाम्रा सेवाहरू**

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**

हेटौंडा-१ स्वर्गद्धारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

**थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

*साथै हरेक दिन HD Quality को इण्डोस्कोपि सेवा प्रदान गरिन्छ ।*

थप जानकारीको लागि

**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**

फोन न.:०५७-५२०३१५

साझाकुरा राष्ट्रिय दैनिकका लागि सचिन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना